कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु

प्रमुख प्रशासकिय अधिकृत

व्यवसाय दर्ता तथा घर बहाल कर सम्बन्धी अत्यन्त जरुरी सूचना

कपिलवस्तु नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका व्यवसायहरु मध्ये केही व्यवसायहरु आन्तरिक राजश्व कार्यालय,धरेलु उद्योग विभाग तथा वाणिज्य कार्यालयमा दर्ता गरि आफ्नो व्यवसाय संचालन गरेको तर यस नगरपालिकामा दर्ता नगरेको व्यवसायीहरुले नगरपालिकामा वा सम्बन्धित वडाका वडा सचिव मार्फत दर्ता लगत कायम गराउनु हुन तथा दर्ता भै सकेका तर व्यवसाय कर तिर्न बांकी रहेकाको हकमा गत आ.व. भन्दा अघिको पुरानो बक्यौताहरु २०७५ पौष मसान्त सम्म बुझाएमा २० प्रतिशत छुट दिने र नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, जग्गा,पसल, ग्यारेज, गोदाम,टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा त्यस्तो बहाल रकमको १२ प्रतिशतका दरले बहाल कर बुझाउनु पर्ने हुंदा कपिलवस्तु नगरपालिकामा वा सम्बन्धित वडाका वडा सचिव मार्फत दर्ता लगत कायम गराउनु हुन यो सूचना जारी गरिएको छ ।